# नेपाली राजदूतावास
# EMBASSY OF NEPAL
## Yangon, Myanmar


## प्रेश विज्ञप्ति

२०८३ भाद्र १० गते भोटेकोशीमा अचानक आएको भिषण बाढीका कारण परलोक हुनु भएकाहरुलाई हार्दिक श्रद्धान्जली एवं शोकसंतप्त परिवारलाई हार्दिक समवेदना व्यक्त गर्न र बाढी पीडितहरुको उद्दार एवं राहतका लागि सहयोग जुटाउन म्यान्मारका लागि नेपाली राजदूतको संयोजकत्वमा अखिल म्यान्मादेशीय गोर्खा हिन्दु धार्मिक संघका केन्द्रीय अध्यक्ष लगायतका पदाधिकारीहरु र गैर आवासीय नेपाली संघ, म्यान्मारका अध्यक्ष लगायतका पदाधिकारीहरुको २०८३ भाद्र ११ गते नेपाली राजदूतावास, यांगौनमा बसेको बैठकले निम्नानुसारको निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ ।

१ भोटेकोशीमा आएको उक्त बाढीमा परी परलोक हुनेहरु प्रति श्रद्धान्जली एवं शोकसंतप्त परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौ । साथै विपत्तिमा परी घाइते हुनु भएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौ।

२ उक्त बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत अन्य जिल्लाका तटिय क्षेत्रमा भएको व्यापक धनजनको क्षतिमा सहयोगका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेका 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' र 'प्रधानमन्त्री राहत कोष'मा आर्थिक राहत रकम सङ्कलन गर्न नेपाल सरकारले तोकेको बैक खातामा म्यांन्मारको नेपाली समुदायबाट राहत सहयोग रकम उठाएर जम्मा गर्न अपिल गर्दछौ ।

३ उक्त बाढीमा परी परलोक हुनेहरुप्रति श्रद्धान्जली एवं आत्माको चीर शान्तिका लागि एक शोकसभाको आयोजना संघको यांगौन शाखाको अग्रसरतामा गर्ने ।

नेपाली राजदूतावास
यांगौन
२०८३ भाद्र ११

नेपाली राजदूतावास
याङगुन


No.16, Natmauk Yeiktha Street, Tamwe Township, Yangon, Myanmar Tel: 01 9545880, 01 9557168
Fax: 01 9549803 E-mail: eonyangon@mofa.gov.np Website: mm.nepalembassy.gov.np